नेपाल सरकार
श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय
प्रधानमन्त्री रोजगार कार्यक्रम

सिंहदरबार, काठमाण्डौं, नेपाल
फोन नं. : ०१-४२११६५४, ४२००४७७
Email: info@pmep.gov.np
Website: http:/pmep.gov.np

प.सं. २०७९/०८०
च.नं./pmep/ २६२

मितिः २०८०/०२/०८

श्री गाउँ कार्यपालिका तथा नगर कार्यपालिकाको कार्यालय सबै ।
मार्फतः संघीय मामला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरबार ।

**विषयः- सफलताका कथा सम्बन्धमा ।**

प्रस्तुत विषयमा प्रधानमन्त्री रोजगार कार्यक्रम अन्तर्गत सञ्चालित कामका लागि पारिश्रमिक आयोजनाहरुबाट रोजगार श्रृजना भइ आर्थिक अवस्थामा सुधार, सामाजिक सुरक्षा, रोजगारी श्रृजना तथा सामुदायिक विकासमा प्रभाव पार्ने अपेक्षा गरिन्छ । तसर्थः चालु आर्थिक वर्ष २०७९/८० मा नेपाल सरकार तथा विश्व बैंकको आर्थिक सहयोगमा सञ्चालित एक एक वटा कामका लागि पारिश्रमिक आयोजनाहरुको छनौट गरी उक्त आयोजनाहरुबाट परेको प्रभाव सम्बन्धी तपसिल बमोजिमका विवरणहरु समेटी नेपाल सरकार तथा विश्व बैंकको बजेट स्रोतअनुसार एक-एक वटा सफलताका कथा लेखी इमेल मार्फत पेश गर्न अनुरोध छ ।

**तपसिलः**

सफलताको कथालाई प्रगति प्रतिवेदन भन्दा भिन्नरुपले लेख्नु पर्ने हुन्छ । एउटा रोचक सफलताको कथामा निम्न विषयहरु प्रसङ्ग मिलाएर समेट्नु पर्नेछ :-

- शिर्षकले कथा वस्तुलाई प्रतिबिम्बित गर्नु पर्ने
- भूमिकाः कामका लागि पारिश्रमिक आयोजना सञ्चालन गरिएको स्थान र समुदायको परिचय तथा कार्यक्रम सञ्चालन हुनु भन्दा पहिलेको अवस्था (सामाजिक, आर्थिक तथा वातावरणीय)
- कामका लागि पारिश्रमिक आयोजनाको नाम, बजेट, बजेट स्रोत र आर्थिक वर्ष
- रोजगारीमा खटिएका व्यक्तिको संख्याः लैङ्गिक तथा उमेर समूहको वर्गिकरण
- औषत रोजगारी दिन
- बजेट साझेदारीः कुन निकायले कति बजेट के कामका लागि खर्च गरेको हो सो को विवरण
- सामाजिक तथा वातावरणीय प्रभाव न्यूनिकरण गर्न अपनाइएका उपायहरुको विवरण
- सामाजिक, आर्थिक तथा वातावरणीय प्रभाव
- तस्वीरहरुः कामका लागि पारिश्रमिक आयोजना सञ्चालन गर्नु पूर्व तथा काम गर्दाको वा सकिएको अवस्था झल्किने
- बीच बीचमा विभिन्न सरोकारवालाहरुका विचारहरु

**पुनश्चः** विगतमा प्रकाशित केही सफलताका कथाहरु यस लिंकबाट प्राप्त गर्न सक्नु हुन्छः
https://www.prasashan.com/2022/07/03/335775/

(पंकज लाभ कर्ण)
शाखा अधिकृत

सरावल गाउँ कार्यपालिकाको कार्यालय
दर्ता नं.: ६५९६
मितिः २०८०/०२/०९
समयः
हस्ताक्षरः